बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्या :- क.प्र/३/२/०८१/८२
चलानी नं. :- ५ ६४

मितिः २०८१।०५।१९

विषयः परिपत्र ।

श्री सबै मन्त्रालय/आयोग/कार्यालय/सचिवालय
बागमती प्रदेश ।

प्रस्तुत विषयमा यस प्रदेश अन्तर्गतका कर्मचारीहरुको अध्ययन पूर्व स्वीकृति, स्वदेशी तथा वैदेशिक अध्ययन/तालिममा मनोनयन र अध्ययन तथा असाधारण बिदा प्रमुख सचिवज्यूबाट स्वीकृत हुने गरेको विदितै छ। सो सन्दर्भमा अध्ययन पूर्व स्वीकृति तथा उल्लिखित बिदा स्वीकृतिका लागि सम्बन्धित मन्त्रालयबाट सरकारी छात्रवृति, निजी प्रयासमा प्राप्त छात्रवृत्ति, तलबी बिदा वा बेतलवी बिदा के प्रयोजनका लागि फाइल पेस भएको हो प्रष्ट रुपमा उल्लेख नहुँदा बिदा स्वीकृति तथा अध्ययन पूर्व स्वीकृति प्रदान गर्दा अन्यौलता उत्पन्न हुने गरेको छ।

उक्त विषय सम्बन्धी फाइल पेश गर्दा प्रष्ट रुपमा के कुन व्यवस्था आकर्षित हुने हो (दफा/उपदफा/नियम/उपनियम/खण्ड) उल्लेख गरी अध्ययन बिदाको हकमा पूर्व स्वीकृतिको चरणमा नै निजी प्रयास वा सरकारी छात्रवृत्ति, तलबी वा बेतलवी कुन बिदा पाउने हो टिप्पणी र सिफारिस पत्र दुवैमा स्पष्ट रुपमा उल्लेख गरी पठाउनुहुन तथा अध्ययन प्रयोजनका लागि असाधारण बिदा लिने कर्मचारीको सन्दर्भमा अन्य अध्ययन बिदा सरहनै अनिवार्य अध्ययन पूर्व स्वीकृति प्राप्त भएका कर्मचारीको फाइल मात्रै पेश गर्ने व्यवस्था मिलाउनुहुन निर्देशानुसार अनुरोध छ ।

(सुरेन्द्र कार्की)
अधिकृत आठौं

**बोधार्थः**
श्री सूचना तथा संचार समन्वय शाखा:- Website मा Upload गरिदिनुहुन।